भिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## सूचना प्रकाशित मिति २०७८/१/१५

**फलफूल दशक अर्न्तगत स्थानीय तहमा बिरुवा रोपण अभियान कार्यकम संचालन गर्ने सम्वन्धी सूचना**

चालु आ.व.२०७७/०७८ मा यस भिमरुक गाउँपालिकामा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको सर्शत स्वीकृत कार्यक्रम अनुसार फलफूल दशक अर्न्तगत स्थानीय तहमा विरुवा रोपण अभियान कार्यक्रम ५० प्रतिशत अनुदानमा संचालन गर्नुपर्ने भएकाले कृषि फर्म ,कृषि सहकारी,कृषक समूहका सदस्यहरुले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवश्यक कागजातहरु सहित निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

## अनुदान रकम उपलब्ध गराउने क्रियाकलापहरु र सीमा

१.एउटा कृषकको कम्तिमा २ रोपनीका दरले एउटा क्लष्टरमा कम्तिमा १ हेक्टरको बगैचा हुनुपर्ने छ ।

२.बाँझो रहेको खेतीयोग्य जग्गा र उच्च घनत्व प्रविधि अपनाई बिरुवा रोपण गर्ने प्रस्तावकलाई प्राथमिकता दिईने छ ।

३.कूल लागत रकमको ५० प्रतिशत रकम वा एक लाख रकम प्रति हेक्टर (२० रोपनी )मध्ये जुन रकम कम हुन आउँछ सो बरावरको अनुदानको रकम उपलब्ध गराईने छ ।

## आवश्यक कागजातहरु

१.कृषि समूह/कृषि सहकारीका पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३.तोकिएको ढाँचामा तयार गरिएको पूर्ण रुपमा भरिएको प्रस्ताव फाराम ।
४.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५.भिमरुक गाउँपालिकामा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६. समूह,सहकारीको कार्यक्रम माग सम्वन्धी निर्णयको प्रतिलिपि ।
७.आफनो नाममा जग्गा नभएमा जग्गा धनी र भाडामा लिने कृषक वा कृषक समूह,सहकारी वा फर्म बिचको कम्तिमा १० वर्षका लागि करारनामा भएको सम्झौता पत्रको प्रतिलिपि ।

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत